# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः २२ | मितिः २०७८/०३/१०

## भाग-१

### भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५ (दोस्रो संशोधन) २०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प्रमुख

प्रस्तावनाः भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भरतपुर महानगरपालिका शिक्षा (दोस्रो संशोधन) ऐन, "२०७८" रहेको छ ।

२.मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा २ को,- खण्ड (ञ४) पछि देहायको खण्ड (ञ४क) र (ञ६) पछि देहायको खण्ड (ञ६क) थपिएको छ

"ञ४क) "वडा शिक्षा समिति " भन्नाले यसै ऐन बमोजिम गठन हुने वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।

"ञ६क) ""शिक्षक अभिभावक संघ" भन्नाले यसै ऐन बमोजिम विद्यालयहरूमा गठन हुने शिक्षक अभिभावक संघलाई सम्झनु पर्छ ।

३.मूल ऐनको दफा ९ मा संशोधन दफा ९ पछि देहायको खण्ड (९क) थपिएको छ

९क. "वडा शिक्षा समिति " वडा भित्रका सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न र विद्यालयको व्यवस्थापन,सञ्चालन,अनुगमन र गुणस्तर सुधारमा सहयोग पुर्याउन प्रत्येक वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा शिक्षा समिति रहने छ । वडा शिक्षा समितको गठन र काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।

४. मूल ऐनको दफा १२ मा संशोधन दफा १२ पछि देहायको खण्ड (१२क) थपिएको छ

१२क. थप शिक्षक अभिभावक संघः सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा विद्यालयको काम कार्यवाहीको सामाजिक परीक्षण समेत गर्ने कार्य समेतका लागि शिक्षक अभसभावक संघ रहने छ । शिक्षक अभिभावक संघको गठन र काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।

प्रमुख